२०७५ साल असोज २३ गते मंगलबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/३०/२०७५-०६-२२ को होम स्टे सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने सम्बन्धमा प्रशासन तथा विधेयक समितिको मिति २०७५।६।२ को बैठकको निर्णय प्रतिवेदन र परिमार्जित कार्यविधिलाई स्वीकृति दिने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तुत प्रतिवेदन साथ पेश भएको परिमार्जित होमस्टे सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।-"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/३१/२०७५-०६-२२ को आम संचार नीति, २०७५ स्वीकृत गर्ने सम्बन्धमा प्रशासन तथा विधेयक समितिको मिति २०७५।५।१३ को बैठकको निर्णय प्रतिवेदन र परिमार्जित आम संचार नीतिलाई स्वीकृति दिने सम्बन्धी विषयको प्रस्ताव -"प्रस्तुत प्रतिवेदन साथ पेश भएको परिमार्जित आम संचार नीति, २०७५ स्वीकृत गर्ने ।-"

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/३२/२०७५-०६-२२ को प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षलाई उपलव्ध गराउने पारिश्रमिक तथा सुविधाको तह निर्धारण गर्ने सम्बन्धी विषयको प्रस्ताव -" प्रस्तुत प्रस्तावमा देहाय बमोजिम गर्नेः

गण्डकी प्रदेश, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको पारिश्रमिक तथा सुविधा तोकिएको मिति २०७५।४।६ को प्रदेश सरकारको निर्णय खण्डको (क) मा उल्लेखित वाक्यांशको सट्टा देहायको वाक्यांश राख्नेः-" प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षलाई प्रदेश सरकारका राज्यमन्त्री सरहको पारिश्रमिक, सुविधा र सदस्यलाई प्रदेश सरकारको सहायक मन्त्री सरह पारिश्रमिक दिने ।घरभाडा सुविधाको हकमा मासिक पन्ध्र हजार रुपैया दिने ।-"

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/३३/२०७५-०६-२२ को मित्रराष्ट्र भारतको CCAFS संस्थाको आयोजनामा मिति १-२ अक्टोवर २०१८ मा मथुरामा हुने Chief Ministers Climate Smart Agriculture Village Programme कार्यक्रममा भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव श्री शरदचन्द्र श्रेष्ठलाई गरिएको मनोनयन अनुमोदन गर्ने सम्बन्धी विषयको प्रस्ताव- "प्रस्तावमा लेखिए बमोजिम गर्ने।-"

५. भौतिक पूर्वाधार विकास मन्त्रालयको नं. ०६/०८/२०७५-०६-२२ को प्रदेश सवारी तथा यातायात व्यवस्था सम्बन्धी विधेयक, २०७५ तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिने सम्बन्धी विषयको प्रस्ताव- "प्रस्तावमा लेखिए बमोजिम गर्ने।-"

६. भौतिक पूर्वाधार विकास मन्त्रालयको नं. ०६/०९/२०७५-०६-२२ को भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय नवलपरासी (वर्दघाट सुस्तापूर्व) को संलग्न अनुसूची-१ र २ बमोजिमको संगठन संरचना र दरवन्दी तेरिज स्वीकृत गरी नेपाल सरकारमा स्वीकृतिका लागि अनुरोध गर्ने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने।-"

७. भौतिक पूर्वाधार विकास मन्त्रालयको नं. ०६/१०/२०७५-०६-२२ को नवलपरासी (वर्दघाट सुस्तपूर्व) को मध्यविन्दु नगरपालिकामा नारायणी नदीबाट भैरहेको कटान तथा क्षति नियन्त्रण गर्न विपद व्यवस्थापन कार्यका लागि वजेट व्यवस्था गर्ने सम्बन्धी विषयको प्रस्ताव -"विपद् व्यवस्थापन कोषबाट वेहोर्ने गरी रकम व्यवस्था गर्ने र अन्य प्रस्तावमा लेखिए बमोजिम गर्ने।-"

८. लमजुङ्गको बेशीशहर नगरपालिका कार्यालयको लागि सरकारी भवन व्यवस्थापन गर्न मिति २०७५।६।२१

मा प्रमुख सचिवको विशेष उपस्थितिमा भएको निर्णयको कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवारमा अनुरोध गर्ने ।

९. China Academy of Agricultural Mechanization Science सँग Rural Poverty Reduction Through Dairy Development in Nepal आयोजनाको लागि MOU गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०७५।६।७ को पत्रबाट अर्थ मन्त्रालयलाई र अर्थ मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई सहमति दिएको मिति २०७५।६।१८ को प्राप्त जानकारी पत्रको आधारमा उल्लेखित आयोजनाको MOU गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिवलाई अख्तियारी दिने र उक्त MOU गर्नु अगाडि सो को मसौदा तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

१०. मित्रराष्ट्र चीनको हेनान प्रान्तले गण्डकी प्रदेशसँग भगिनी सम्बन्ध राख्न चाहेको र प्राविधिक शिक्षा, पर्यटन लगायतमा सहयोग गर्ने आश्वासन दिएको र यहि मिति ११-१३ नोभेम्वर, २०१८ सम्म उक्त प्रदेशका प्रतिनिधि मण्डलले गण्डकी प्रदेशको भ्रमण गर्ने समयमा उल्लेखित विषयमा गण्डकी प्रदेश र हेनान प्रान्त, चीन बीच MOU गर्ने सम्बन्धमा पूर्व स्वीकृतिका लागि नेपाल सरकारमा अनुरोध गर्ने ।हालै हेनान प्रान्तमा माननीय मुख्यमन्त्रीज्यू समेतको गण्डकी प्रदेश सरकारको टोलीबाट भएको भ्रमणका सन्दर्भमा उक्त प्रान्तका गभर्नरबाट प्राप्त आतिथ्यताका लागि हेनान प्रान्तका गभर्नरलाई धन्यवाद दिने र सो व्यहोरा गभर्नरको यस प्रदेशमा हुने भ्रमणका समयमा अवगतार्थ जानकारी गराउने ।

११. यस प्रदेश अन्तर्गतका स्थानीय तहहरुले भारतीय दुतावासमा एम्वुलेन्स र वारुणयन्त्रको माग गर्नको लागि सिफारिस गर्न गण्डकी प्रदेश सरकारमा अनुरोध गरेकोले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत भारतीय दूतावासमा तीस वटा एम्वुलेन्स र पाँच वटा वारुणयन्त्र सहयोग स्वरुप उपलव्ध गराउन सिफारिस गर्ने ।